# खाँडाचक्र नगरपालिकाको आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम

यस खाँडाचक्र नगरपालिकाको सम्मानीत गरिमामय तेश्रो नगरसभाका अध्यक्षज्यू, प्रमुख अतिथि, प्रदेश सभाका माननीय सदस्य कुर्मराज शाहीज्यू, यस सभाका सदस्यज्यूहरु आमन्त्रीत सम्पुर्ण पत्रकार, कर्मचारीहरु तथा महानुभवहरुमा हार्दिक स्वागत तथा सम्मान प्रकट गर्दछु ।

**सभा अध्यक्ष महोदय,**
यस नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को नीति कार्यक्रम तथा वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**खाँडाचक्र नगरपालिकाको पृष्ठभुमी** : नेपालको संविधान संघीय गणतन्त्रात्मक राज्य व्यवस्था वमोजिम कर्णाली प्रदेश कालीकोट जिल्ला खाँडाचक्र नगरपालिकामा पनि साविकका ५ वटा मान्म, दाँहा, पाँखा, भर्ता (८ नं. वडा) र वदालकोट (१-३ वडा) गाविसहरुलाई समेटेर २०७३ सालमा यो नगरपालिका स्थापना भएको हो । यस नगरपालिकालाई ११ वटा वडाहरु विभाजन गरिएको छ ।

**नामाकरण :** रत्नज्योती नाम गरेका राजाका २३ औं सन्तान राजा मलय वम्मले उत्तर तीर कर्णाली नदी, दक्षिण तिर तिला नदीले घेरेको कोटमा ७ तले दरवार वनाई राज्य संचालन गरेको इतिहास पाइन्छ । उक्त राज्य संचालनमा राज्य विस्तार गर्दा एक आपसमा लडाई लड्दा अरु कुनै हतियारको आविस्कार नभएको हुदा लुवारेकोटमा वसेका देवसिह लुवारका सन्तानले खाँडो भन्ने हतियार वनाई राजा मलय वम्मलाई हतियार दिएको पाईन्छ । सो खाँडो नामको हतियारले लडाई लडी आफ्नो क्षेत्र कायम गरेको इतिहासमा पाइन्छ । खाँडो भन्नाले हतियार, चक्र भन्नाले घुमाएको अर्थ हो अर्थात खाँडो+चक्र लाई नै संयोजन गरी खाँडाचक नामाकरण भई हाल यस नगरपालिकाको नाम खाँडाचक रहन गएको हो ।

यस नगरपालिकामा थुप्रै समस्या र चुनौतीहरु भएता पनि सकारात्मक सोचका साथ सुन्दर र समुन्नत नगरपालिका निर्माण गर्न सकिने प्रशस्त सम्भावना रहेका छन । सिमित श्रोत साधनहरुलाई भरपुर उपयोग गर्दै यस नगरपालिकाले प्रभावकारी र उपलब्धीमुलक नतिजामा आधारित योजनाबद्द विकास गर्न तपसिलका क्षेत्रहरुको रणनीति तयार गरी नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

## आर्थिक विकास क्षेत्र

### कृषि सेवा :

१ प्राङ्गारिक उत्पादनलाई प्रवर्द्धन गर्नका लागि सरकारी तथा निजी क्षेत्र संग साझेदारी (Public Private Partnership) गर्दै एउटा प्राङ्गारिक मल कारखाना खोलिने छ । यस्तो कारखाना खोल्ने समूह, सहकारी वा व्यक्तिलाई मेशिन तथा उपकरण खरिदमा ७५ प्रतिशत पूँजीगत र शत प्रतिशत ढुवानी अनुदान प्रदान गरिनेछ ।

२ नगरपालिका क्षेत्र भित्र खेर गईरहेको जमीनलाई प्रयोग गर्न नसकिएको कारण परनिर्भरता बढेकोले यस नगरपालिकालाई कृषिमा आत्म निर्भर वनाउन असीको दशक भित्र सबै खेती योग्य जमीनमा सिंचाई सुविधा पुऱ्याउन कार्य योजना तयार गरी यस आ.व.मा थप ५० हेक्टर जमीनमा सिंचाई सुविधा पुऱ्याइनुका साथै कृषि क्षेत्रको उत्पादन वृद्धिका लागि व्यवसायिक कृषि फर्म स्थापना तथा संचालनमा लाग्ने पूँजीगत खर्चमा ७५ प्रतिशत अनुदान दिने व्यवस्था गरिनेछ ।

३ खाडाचक्र नगरपालिकाको सिमित खेती योग्य जमिन मध्ये अधिकांशमा वैज्ञानीक प्रणालीको खेती प्रविधिको अभावमा बाँझो रहेकोले खाडाचक्र नगरपालिकाको खाद्य सुरक्षालाई दिगो बनाउन र खाद्य सम्प्रभूताको मौलिक हकलाई कार्यान्वयन गर्ने पहल कदमीको रुपमा यसै बर्ष भित्र बाँझो जग्गा सदुपयोग कार्य योजना तयार पारी यस आ.व.मा ५ हेक्टर सम्म जग्गा भाडामा लिई व्यवसायिक खेती गर्ने कृषकलाई जग्गाको भाडा रकम र कृषि औजार उपकरणको खरिदमा ७५ प्रतिशत अनुदान दिने व्यवस्था मिलाईनेछ ।

४ खाडाचक्र नगरपालिकाको क्षेत्र भित्र कृषि क्षेत्रमा लगानी गर्ने बैंक तथा वित्तीय संस्थाहरुको उपलब्धता रहेकाले यस नगरपालिकामा कृषि उद्यम सम्बन्धी परियोजनाहरु विकास गरी कृषिमा लगानी बढाउन बैंक तथा वित्तीय संस्थासँग चौमासिकरुपमा अन्तरक्रिया गरिनेव्यवस्था मिलाईने छ ।

५ कृषि उत्पादनको बजारीकरण तथा विकासका लागि ग्रामीण पूर्वाधार तथा कृषि सडकहरुको विकास गरी खाद्यान्न, तरकारी, फलफूल जस्ता कृषि उपज संकलन केन्द्रहरु सम्म पुऱ्याउने व्यवस्था मिलाइने छ । यस्तै बाटो नपुगेका ग्रामीण क्षेत्रहरुको कृषि उपजको बजार पहुँच बढाउन बाटो पुगेको स्थान सम्ममा कृषि संकलन केन्द्र स्थापना गरिनेछ ।

६ कृषि उत्पादक र उपभोक्ता बीच रहेका धेरै तहका मध्यस्थकर्ताहरुलाई घटाई कृषि उत्पादनको बजार मूल्यको अधिकतम हिस्सा किसानसम्म पुऱ्याउन सहकारी संजाल मार्फत बजारीकरणको व्यवस्था मिलाईनेछ ।

७ यस नगरपालिका भित्र फलफूल, तरकारी र उच्च मूल्यका कृषि वस्तुहरुको व्यवसायिक उत्पादन गर्न पकेट घोषणा गरी भूमिहीन किसानलाई मौरीपालन, च्याउ खेती, पशुपालन व्यवसायमा आकर्षण गर्न प्रोत्साहन गरिनेछ ।

८ खाद्य तथा पोषण सुरक्षाको लागि “एक घर एक करेसावारी” स्थापना गर्न नगरवासीमा आह्वान गरिनेछ । यसका लागि स्थलगत तालीम प्याकेजमै दिने व्यवस्था समेत मिलाईने छ ।

९ भिरालो भिर पाखामा अन्नबालीको खेतीलाई निरुसाहित गर्नुका साथै त्यस्ता क्षेत्रमा फलफूल पकेट क्षेत्र निर्धारण गरी फलफूल नर्सरीको स्थापना, विरुवा वितरण र फलफूल खेती प्रविधि हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ र कम्तिमा तीन वटा सामुदायिक आधुनिक फलफूल नर्सरी यसै आर्थिक बर्ष भित्र स्थापना गरी सुदृढ्किरण गरिनेछ ।

१० कृषि उत्पादनलाई चाहिने मल, बीउ, बिषादी, औषधी, उपकरण र अन्य आवश्यक सेवाहरु वडा समितिसंगको समन्वयमा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

११ कृषि क्षेत्रको उत्पादन जोखिम सम्बोधन गर्ने संघीय सरकारको कृषि बीमा कार्यक्रमबारे ब्यापक प्रचार प्रसार गरिनेछ । कृषि बीमाको दावी भुक्तानीलाई सहजीकरण गर्न बीमा कम्पनीहरुसँग समन्वयमा हेल्प डेस्कको व्यवस्था मिलाईने छ ।

१२ स्थानीय उत्पादनमा आधारित प्रशोधन उद्योग (मकैको च्यूरा, फाफरको केक आदि) स्थापना गर्ने समूह/सहकारी/ब्यक्तिलाई उद्योग स्थापना गर्न मेशिन तथा उपकरण खरिदमा ७५ प्रतिशत पूँजीगत र शत प्रतिशत ढुवानी अनुदान प्रदान गरिनेछ । यसले खाद्य पोषणमा सुधार र स्थानीय उत्पादनको उपभोगमा वृद्धि हुनेछ ।

१३ देहाए बमोजिम का क्षेत्रहरुलाई पकेट क्षेत्र बनाईने छ ।

**<u>तपशिल</u>**

स्याउ पकेट क्षेत्र खांडाचक्र वडा नं. ८, ९, १०
ओखर पकेट क्षेत्र खांडाचक्र वडा नं. १ २, ३, ५, ६
सुन्तला पकेट क्षेत्र खांडाचक्र वडा नं. १, ४, २, ३, ५, ११
आंप पकेट क्षेत्र खांडाचक्र वडा नं. २, ४, ५, ७, ११
कागती पकेट क्षेत्र खांडाचक्र वडा नं. १ देखि ११ सम्म
कफी पकेट क्षेत्र खांडाचक्र वडा नं. २
तरकारी पकेट क्षेत्र खांडाचक्र वडा नं. १ देखि ११ सम्म
आलु पकेट क्षेत्र खांडाचक्र वडा नं. १, २, ३, ५, ६, १०, ११

**आदरणीय अतिथि महानुभावहरु,**

**पशुसेवा :**

१ नगरपालिका भित्रका वाखापालन कृषकको जिवनस्तर उठाउन दर्ता भएका समुह/समितिहरुलाइ उन्नत जातका वोका वितरण गरी ऊन, मासु उत्पादनमा वढवा दिइ युवा विदेश जाने वढ्दो क्रमलाइ रोक्नमा सहयोग पुऱ्याइने छ।

२ खाँडाचक्र नगरपालिका अन्तर्गत स्थानीय र उन्नत जातका पशु वस्तुलाइ औषधि उपचारमा कमी हुन नदिन दक्ष जनशक्ति सहित विभिन्न औषधि तथा भ्याक्सीन खरिद गरी समयानुसार भ्याक्सिनेशन गर्ने र नगरमा आवश्यक दुध र मासु आपुर्तिको लागि थप सहयोग पुऱ्याइने छ।

३ खाँडाचक्र नगरपालिका वडा नं १ देखि ११ सम्मका युवाहरुको वेरोजगारी समस्यालाइ मध्यनजर गरी कुखुरा विकास कार्यक्रममा कुखुराका चल्ला ७५ प्रतिशत अनुदानमा दर्तावाला समुह/समिति पोल्ट्रिफर्म लाइ वितरण गरी अण्डा आत्मनिर्भरता र मासु परिपुर्तिमा खाँडाचक्रनगर लाइ कुपोषण मुक्त गराउने कार्यमा टेवा पुर्‍याउनको साथै दर्तावाला पोल्ट्रिफर्मलाइ स्तर वढाउन आवश्यक सहयोग गरी कृषकको माग अनुसार कुखुराको चल्लालाइ दानापानी खुवाउने भाडा वितरण गरिने छ।

४ दर्तावाला समुह/समितिलाइ विभिन्न तालिम, गोष्ठि सञ्चालन गरी नयाँ सिप/ज्ञान प्रदान गरी कृषककलाई पशुपालन व्यवसाय तर्फ थप आकर्षण गराइने छ।

५ नगरपालिका भित्रका विभिन्न मासु पसलमा स्वास्थ्य मासुको लागि डिफ्रिज वितरण कार्यक्रम अनुसार डिफ्रिज वितरण गर्ने कार्य गरिनेछ।

६ खाँडाचक्र नगरपालिकामा पशु क्षेत्रलाइ व्यवसायीकरण गर्ने उद्यश्यले उन्नत जातको थुमा, वोका, वहर, राँगा, भेडा, वाखा उत्पादन गरी आधुनिक पशुपालन व्यवसायको सुरुवात गरिने छ।

**पर्यटन विकास :**

१ प्राकृतिक साँस्कृतिक जैविक विविधता संरक्षण प्रवर्द्धन गर्दै खाँडाचक्र नगरपालिकालाइ रमणिय सुरक्षित गन्तव्य स्थानकोरुपमा विकास गरिनेछ।

२ पर्यटकीय व्यवसायको वजारीकरण गर्न आधुनिक सुचना प्रविधिको विकास गरिनेछ।

३ आन्तरीक पर्यटकको विकास र विस्तारमा जोड दिइने छ।

४ व्यवसायीक पदयात्रा, साहसिक पर्यटक धार्मिक पर्यटक लगायतका अन्य पर्यटकहरुलाइ खाँडाचक्र नगरपालिकाका रमणीय स्थानहरुको भ्रमण गर्ने प्याकेज कार्यक्रमको नीति अवलम्वन गरिनेछ।

५ चुलिमालिकालाइ धार्मिक पर्यटन क्षेत्रकोरुपमा विकास गरी आन्तरीक तथा वाह्य धार्मिक पर्यटकहरुलाइ भित्राउने वातावरणको सृजना गरिनेछ।

६ विभिन्न पाटन क्षेत्र, स्थानीय धार्मिक स्थान, कर्णाली दोभान लगायतका थुप्रै पर्यटकीय क्षेत्रको संरक्षण गरी चलचित्र पर्यटनकोरुपमा विकास गरिनेछ।

७ पिलिलाइ युद्द पर्यटकिय क्षेत्रकोरुपमा विकास गरिनेछ।

८ खाँडाचक्र नगरपलिकाको पर्यटन बिकासका लागि कोटदरबार, चुलि, केबलकार (कोटदरबार नरहरिनाथ) लुहारकोट, पुजाडाँडाँ केबलकार तथा चुलिमालिका भ्यू टावर सम्भाब्यता अध्ययनका लागि आबश्यक पहल गरिनेछ।

९ थोरेमा रहेको प्राकृतिक नेपालको नक्साको प्रचार प्रसार गर्न विशेष जोड दिइने छ।

१० पञ्चदेवल कोटदरवार क्षेत्र, खापर मष्टा लगायत अन्य धार्मिक क्षेत्र संरक्षण गरी धार्मिक पर्यटक भित्राउने लक्ष्यका साथ नीति वनाउने व्यवस्था मिलाईने छ।

११ पर्यटन विशेष शुरक्षा नीति अवलम्वन गरिनेछ।

१२ स्थानीय उत्पादन अर्गानीक खानाको साथै कोशेली घरको व्यवस्था गरिनेछ।

**उद्योग वाणिज्य :**

१. नगरपालिका क्षेत्र भित्रका उद्यमी तथा व्यवसायीहरुलाइ प्रवर्द्दन गरी छरीएका साना व्यवसायी एकिकृत तथा साना व्यवासायी उद्यम सञ्चालनमा सहयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सहयोग गरिने छ ।

२. यस नरपालिकामा उपलव्ध जडिवुटिहरु प्रसोधन तथा प्रोसेसिङ्ग कार्य गर्न जडिवुटि उद्योग सञ्चालन गर्नका लागि आवश्यक पहल गरी रोजगारी सृजना गरिने छ ।

३. यस नगरपालिकाको वजार क्षेत्र तथा सडक क्षेउछाउका साना वजार, गाउघरमा रहेका होटल पसल तथा साना व्यवसायी दर्ता गर्न लगाइने छ ।

४. दर्ता भइ सञ्चालनमा आएका व्यवसायीलाइ करको दायरामा ल्याई नगरपालिकाले लिएको आगामी वर्षको राजश्व असुलिको प्रकृयालाई कडाइका साथ कार्यान्वयनमा ल्याइने छ ।

**सहकारी :**

१. नगरपालिकाका क्षेत्रभित्र कार्यक्षेत्र वनाई सहकारी डिभिजन कार्यालयवाट हस्तान्तरण भएका सम्पुर्ण सहकारी संस्थालाइ सुचिकृत गरी अनुगमन गरिने छ ।

२. सहकारी दर्ता ऐन तयार गरी आवश्यक प्रक्रिया पुरा गरी नयाँ सहकारी दर्ता गर्ने प्रकृयाको व्यवस्था मिलाईने छ साथै कार्यको लागि सहकारी क्षेत्र विकास कार्यक्रमको शिर्षकमा रु ५ लाख वजेट विनियोजन गरिएको छ ।

## सामाजिका विकास क्षेत्र

### शिक्षा

१ खाडाचक्र नगरपालिका भित्रका सम्पुर्ण शैक्षिक संस्थाहरुको अबस्था र आबश्यक भौतिक संरचना निर्माण गरी शैक्षिक संस्था सुधार, गुणस्तरिय शिक्षाको बिकास गर्न खाडाचक्र नगर शिक्षा ऐन बमोजिमको नियमावली तथा कार्यबिधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२ यस नगरपालीका भित्र रहेका सम्पुर्ण बाल बिकास केन्द्र, सामुदायिक बिद्यालयहरुको बाल मैत्री, अपांग मैत्री, सुरक्षित भवन, प्रयाप्त शैक्षिक सामाग्री पुस्तकालय, छात्र छात्रा शौचालय, स्वच्छ खानेपानी, खेल मैदान, सरसफाई तथा स्च्छ वातावरण प्रबन्ध गर्न बिद्यालयको आवश्यकता र बिद्यार्थी संख्याको आधारमा गरिनेछ ।

३ यस नगरपालीका भित्रका सम्पुर्ण बिद्यालयहरुलाई आर्थिक पारदर्शिता, सुशासन कायम गर्न बिद्यालयमा बिद्यालय सुधार योजना (SIP) निर्माण गरी कार्यान्वयन गर्न लगाईने छ । सो कार्य भए नभएको नियमित अनुगमन गरिने छ ।

४ यस नगरपालीका क्षेत्र भित्रका सम्पुर्ण बालबिकास केन्द्र, आधारभुत बिद्यालयहरु र माध्यामिक बिद्यालयहरुको आबश्यक दरबन्दी हेरी दरबन्दी बिहिन बिद्यालयहरुमा दरबन्दीको ब्यबस्था गर्न पहल गरिनेछ र शुन्य दरबन्दी भएको द्यिालयहरुलाई बिद्यार्थी संख्याका आधारमा शिक्षक ब्यबस्थापनका लागि अनुदानको ब्यबस्था गरिनेछ ।

५ बालबालीकाहरुको सर्बाङ्गिक बिकासका लागि बिद्यालय स्तरीय तथा अन्तर बिद्यालय स्तरीय अतिरिक्त क्रियाकलापहरु संचालन तथा बिद्यालय स्तरीय बाल क्लब गठन तथा पुनर्गठन र अभिभाबक, शिक्षक, बिद्यार्थी बिच गुणस्तरीय शिक्षा सम्बन्धी बिभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

६ माथी उल्लेखित कार्यक्रम संचालनका लागि बिद्यालय शिक्षक अनुदान तथा शिक्षा बिकास कार्यक्रम गरी कुल १ करोड बजेट बिनियोजन गरिएको छ ।

७ सवै वडालाई साक्षरता घोषणा गर्ने वातावरण तयार गरिनेछ ।

८ यस नगरपालिका भित्रका सामुदायिक अध्ययन केन्द्रहरुलाइ व्यवस्थित रुपमा सञ्चालन गरी सुचना केन्द्रकोरुपमा विकास गरिने छ ।

९ वालवालिकाको मस्तिस्क र श्रवणमा असर पार्ने खालको सवारी साधन ध्वनि विद्यालय क्षेत्रमा निशेधित गर्न आवश्यक पहल गरिनेछ ।

## खानेपानी तथा सरसफाई

१ आधारभुतस्तरको खानेपानी तथा सरसफाई सेवाको प्राबधान, दुर्गम क्षेत्र तथा न्युन आय भएका समुदायमा लक्षित गरिनेछ ।
२ ऐतिहासि ढुंगेधारा, कुवा, पोखरी जस्ता पानीका श्रोतहरुको संरक्षण गरी खानेपानी अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानी खान पाउने अधिकारको सुनिश्चिता गरिनेछ ।
३ खानेपानीका सतह तथा भुमिगत पानीका श्रोतहरुको जलधार क्षेत्रलाई पानीको गुणस्तर र परिमाण कायम राख्न जलधार क्षेत्रको संरक्षण एब सर्म्वद्धन गरिनेछ ।
४ खानेपानी तथा सरसफाईलाई प्रभाबकारीढंगले अघि बढाउन प्रत्येक वडाहरुमा खानेपानी तथा सरसफाईका गतिबिधी संचालन गरी जलधार संरक्षणका क्रियाकलापहरु संचालन गरिने छ ।
५ सबै खानेपानी तथा सरसफाई आयोजना निर्माणको चरणमा बाताबरण प्रति जागरुकता तथा बाताबरण संरक्षणका कार्यक्रमहरु संचालन गरिने छ ।
६ सार्बजनिक यातायात तथा बस बिसौनी र अन्य सार्बजनिक क्षेत्रमा सार्बजनिक शौचालय निर्माण गरी वातावरण प्रदुषण तथा फोहोर मैला ब्यबस्थापन गर्न पहल गरिने छ ।
७ खाँडाचक्र नगरपालीकाका सबै वडा तथा बस्तीहरुमा शौचालय निर्माण गरिरहेका तर प्रयोगमा नल्याएका बस्तीहरुमा तत्काल प्रयोगमा ल्याउन पहल गरिने छ ।
८ पानीका मुहान सरंक्षणका लागि मुहान वरिपरी बृक्षारोपण गरी वातावरण तथा जलबायु परिबर्तन र अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।
९ खानेपानी उपभोक्ता समितिको सस्थागत बिकास गरी खानेपानी आयोजनाको कुल बजेटको १ प्रतिशत रकम आयोजना निर्माण उपभोक्ता समितिको कोषमा राखी नियमित मर्मत सम्भार गर्न लगाईने छ ।
१० ढल निकास तथा फोहोर पानीको ब्यबस्थापन गरी कृषि योग्य भूमिहरुमा सिचाई हुने बाताबरणको सृजना गरिनेछ ।
११ जलबायु परिबर्तनले गर्दा खानेपानीका मुहान सुक्दै जाने र पानीका श्रोतहरु घट्दै जाने भएकाले यस्तो समस्यालाई कम गर्न जलधार सरक्षण तथा मुहान संरक्षणको बिशेष नीति निर्माण गरिनेछ ।
१२ खानेपानी तथा सरसफाई सेवा निर्माण गरिरहदा वातावरणिय पक्षलाई नकरात्मक प्रभाब नपर्ने गरी आयोजना संचालन गरिनेछ ।

**सभा अध्यक्ष महोदय,**

## स्वास्थ्य

१ गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज सुलभ र समान पहुँच स्थापित गर्ने र आधाभुत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्ने ।
२ मौलिक हककारुपमा रहेको गुणस्तरीय स्वास्थ्य सेवा सबै नागरिकहरूको सहज पहुँचमा पुग्ने गरी (Universal Health Coverage) प्रभावकारीरुपमा उपलव्ध गराउने एवं आधारभूत स्वास्थ्य सेवा निशुल्करुपमा उपलब्ध गराउनुका साथै एक वडा एक स्वास्थ्य संस्थाको क्रमशः स्थापना गर्दै नगरपालिकाको केन्द्रमा ५० शैयाको सुबिधा सम्पन्न अस्पतालको व्यवस्था गरी स्वास्थ्य सेवा पहुँचको सुनिश्चित गरिनेछ  साथै स्वास्थ्य सेवाहरू सर्वसुलभ एवं प्रभावकारीरुपमा प्रवाह गर्न आवश्यक दक्ष जनशक्ति तयार गर्न आवश्यक तालिम तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि गरिनेछ ।

३ नगर तथा जिल्लामा उपलब्ध जडीवुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद स्वास्थ्य प्रणालीको विकास तथा प्रचलित अन्य पूरक स्वास्थ्य प्रणालीहरूको संरक्षण एवं व्यवस्थित विकास गरिनेछ ।

४ गुणस्तरीय औषधी र स्वास्थ्य सामग्रीको सहज तथा प्रभावकारी आपूर्ति एवं उपयोगलाई सुनिश्चित गर्दै आन्तरिक उत्पादनलाई बढावा दिदै आत्मनिर्भरता तर्फ उन्मुख गरिनेछ ।

५ गुणस्तरीय एवं स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, प्रयोग मार्फत कुपोषणलाई न्यूनीकरण गर्ने लक्ष्य लिएको छ ।

६ स्वास्थ्य संस्थाहरुबाट दिईरहेका सेवाहरुलाई थप सुदृढ गर्दै प्रेषण प्रणालीलाई व्यवस्थित गरिनेछ ।

७ स्वास्थ्य सम्वन्धी सन्देश एवं सूचना सुलभरुपमा प्राप्त गर्ने सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न शिक्षा, सुचना र सञ्चार कार्यक्रमलाई उच्च प्राथमिकता दिई जनस्वास्थ्य प्रवर्द्धन गरिने छ ।

८ हाल नगरका सबै वडाहरुमा संचालन हुदै आएका खोप क्लिनिक र गाउँघर क्लिनिकबाट दिईने सेवाहरुलाई प्रभावकारीरुपले संचालन गर्न गाउँघर क्लिनिक र खोप केन्द्र भवनको कमशः निर्माण गरी संचालनमा ल्याईने छ

९ स्वास्थ्य संस्थामा प्रसुती सेवा लिन आउने सेवाग्राहीलाई गतबर्षमा दिदै आएको यातायात खर्चलाई दोब्बर गरी बितरण गरिनेछ ।

१० स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

११ यस नगरपालिकाका सबै स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा बिस्तार गरिनेछ ।

१२ बहुक्षेत्रिय पोषण आयोजनालाई सुनौला हजार दिनका आमाहरुलाई लक्षित गरी नगरका सबै वडाहरुमा संचालन गरिनेछ ।

१३ महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई स्टेचर र सिम सहितको मोवाई सेट बितरण गरी प्रेषण सेवालाई सुधार गरिनेछ ।

१४ नगर भित्रका स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण गरी स्वास्थ्य सेवाको अवस्थालाई सार्वजनिकिकरण गरिनेछ ।

१५ बर्तमान अवस्थामा बढ्दै गईरहेको नसर्ने रोगहरु जस्तै क्यान्सर, उच्च रक्तचाप, मधुमेह जस्ता रोगहरुबाट बच्न स्वास्थ्य शिक्षा, क्षमता अभिबृद्धि अभिमुखिकरण र बृद्ध बृद्धाहरुको स्वास्थ्य स्थिति जाँच शिबिर जस्ता कार्यक्रम संचालन गरी नसर्ने रोगहरुको पहिचान गर्ने ब्यवस्था मिलाईने छ ।

१६ पूर्ण खोप सुनिश्चितता तथा दिगोपनालाई कायम राख्न वडा स्तरिय खोप समन्वय समितिलाई सक्रिय गराई १६ देखि २३ महिनाका बालबालिकाहरुलाई पुर्ण खोप सुनिश्चित गरिनेछ ।

१७ महिला स्वास्थ्य स्वयं सेविका परिचालन गरी समुदायमा लुकेर बसेका क्षयरोगी र कुष्ठरोगी पत्ता लगाई उपचारको दायरामा ल्याई क्षयरोगलाई जनस्वास्थ्य समस्याको रुपमा रहन नदिने व्यवस्थाका लागि जोखिम युक्त समुदायमा माईक्रोस्कोपी, चर्मरोग जस्ता जनहितका शिविर संचालन गरिनेछ ।

१८ परिवार नियोजन सेवाको पहुँच बढाउन परिवार नियोजन, खोप र पोषण सेवा लिन आउने सेवाग्राहीको अनियमित दरलाई कम गर्न आमा समुहको बैठक, बिद्यालय स्वास्थ्य शिक्षा र वडा स्तरमा चेतनामुलक कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१९ महामारी तथा प्रकोपजन्य रोगहरुको समयमा व्यवस्थापन गर्न आवश्यक ब्यवस्था गरिनेछ ।

२० यस नगरमा रहेको जिल्ला अस्पतालको सेवा सुदृढिकरण गर्ने र जिल्ला अस्पतालबाट दिईने सेवालाई सुचारुरुपले संचालन गर्न आवश्यक जनशक्ति व्यवस्थापन गर्नुका साथै सार्वजनिक बिदा र अतिरिक्त समय कार्य गरेवापत थप सुबिधा व्यवस्थापन गरिनेछ ।

## लैङ्गिक समानता तथा समाजिक समावेशिकरण

१. नेपालको संविधानमा उल्लेख गरेको समावेशी विकास सम्वन्धी अवधारणा अनुसार प्रत्याभुत गरेको आधारहरु पुर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

२. महिला हिंसा, घरेलु हिसा, वहुविवाह, जातिय विभेद, छुवाछुत, छाउपडी प्रथा, वाल श्रम न्युनिकरण सम्वन्धी कार्यक्रम वनाइ सञ्चालन गरिनेछ ।

३. लक्षित समुदायहरुका परम्परागत पेशा, ज्ञान, सिप र कलाको प्रवर्दन गर्दै उनीहरुको सिपलाई जर्गेना गर्दै आधुनिकिकरण र व्यवसायीकरण गरिनेछ ।

४. लक्षित समुदायको सामाजिक सेवा तर्फ जेष्ठ नागरीक वाल पोषण, विधवा महिला, शारीकरिक अपाङ्ग, शिशु स्याहारको तथ्याङ्कलाइ अध्यावधिक गरी अनलाइन दर्ता प्रकृयामा दर्ता गरी उनीहरुले पाउने सेवा तथा सुविधालाइ सहज तथा सर्वसुलभ तरिकाले वितरण गरिनेछ ।

५. यस नगरपालिका भित्रका द्वन्द प्रभावित टुहुरा, विपन्न तथा जेहेन्दार वालवालिकाहरुको लागि पठनपाठनमा सहयोग गर्न वाल संरक्षण कोष निर्माण गरी सञ्चालनमा ल्याइने छ ।

## पुर्वाधार विकास क्षेत्र

१ यस खाँडाचक्र नगरपालिकाले हालसम्म सडक सञ्जावाट पहुच पुग्न नसकेका वडा नं ८, ९, १० र ११ मा आगामी वर्षमा सडक पहुच पुऱ्याउन यस आर्थिक वर्ष २०७५।०७६ मा नगरपालिका गौरवका योजना वनाई विशेष वजेटको व्यवस्था गरिएको छ ।

२ आर्थिक वर्ष २०७५।०७६ को यस नगरपालिकाका टोल वस्तिस्तरवाट छनोट भई आएका वडा समितिवाट प्रथामिकतामा परेका पुर्वाधार तथा सामाजिक विकास तर्फका योजना सञ्चालन गर्न आवश्यक वजेट व्यवस्था गरिएको छ ।

३ यस खाँडाचक्र नगरपालिकामा आर्थिक वर्ष २०७५।०७६ मा श्रोत साझेदारी गरी काम गर्ने उदेश्यले विभिन्न अन्तर सरकार, संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार सघ संस्थासंग साझेदार गर्न समपुरक कोषको व्यस्था गरिएको छ ।

४ यस खाँडाचक्र नगरपालिकाका शहरी विकास भवन निर्माण लगायतका सम्पुर्ण पुर्वाधारको गुणस्तर कायम गर्न आवश्यक मापदण्ड निर्माण गरी कार्यान्वयन गरिने छ ।

## वातावरण तथा विपत व्यवस्थापन

१. "रुख रोपौ वन जोगाउ, मानव जिवनमा आइपर्ने विपत भगाउ" भन्ने मुल नारका साथ यस खाँडाचक्र नगरमा रहेका नाङ्गो भू-भागहरुलाइ अनिवार्यरुपमा आगामी २ वर्ष भित्र वृक्षारोपणको लागि पहल गरिनेछ ।

२. यस नगरपालिका भित्रका सवै वडा स्तरका स्थानीय अनुकुलन योजना (LAPA) तयार गरी जोखिमयुक्त वडाहरु वडा नं २, ६, ८ र १० मा Nepal climate changed support programme (NCCSP) कार्यक्रम सञ्चालन गरिनेछ र वाँकी वडाहरुमा आगामी वर्ष थप वजेटको व्यवस्था गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

३. वन तथा भू-संरक्षण जलाधार संरक्षण, जलवायू परिवर्तन, फोहोर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपत व्यवस्थापन, जैविक विविधताको संरक्षण गर्दै जलवायू परिवर्तनका प्रतिकुल प्रभावहरुलाई न्युनीकरण सम्वन्धि विशेष कार्यक्रम वनाइ लागु गरिनेछ ।

४ यस नगरपालिका भित्रको स्वच्छ वातावरण कायम राख्न वजार व्यवस्थापन र फोहोर मैला व्यवस्थापनको लागि आवश्यक स्थानमा डम्पिङ्ग साइड निर्माण गरी नियमित वजार सरसफाइको कार्य तालिका वनाइ कार्यन्वयन गरिनेछ ।

५. यस नगरपालिका क्षेत्र भित्र आइपर्ने दैविक प्रकोप, वाढी पहिरो, आगलागि, घटना, दुर्घटनामा परेका पिडित घर परिवार तथा व्यक्तिलाइ तत्काल उद्दार तथा राहत पुर्नस्थानाको लागि विपत व्यवस्थापन कोषको निर्माण गरि आवश्यक वजेटको व्यवस्था गरिने छ ।

६. यस नगरपालिकाका सम्पुर्ण नाङ्गा डाँडापाखा, खाली जमिनमा वृक्षारोपण गरी हरियाली नगर वनाउन प्रत्येक वडामा कृषि तथा वन नर्सरी निर्माणका लागि आवश्यक कार्यक्रम वनाइ कार्यान्वयन गरिनेछ ।

## सुसाशन तथा संस्थागत विकास

१. संस्थागत विकास सेवा प्रवाहका लागि नगरपालिकाको कार्यालय, विषयगत शाखा कार्यालय सवै वडा कार्यालयहरुमा नागरीक वडापत्रको अनिवार्य व्यवस्था गरिनेछ ।

२. मानव संसाधन विकासको लागि सम्पुर्ण पदाधिकारी, कर्मचारिहरुको क्षमता विकासको साथै थप ज्ञान, सिप र दक्षताको लागि तालिम गोष्ठी, अन्तरक्रिया, अध्ययन तथा अवलोकन भ्रमण जस्ता कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

३. यस नगरपालिकाको आ.व. २०७५।०७६ को विनियोजित नीति, कार्यक्रम तथा वजेट कार्यान्वयन गर्नका लागि वार्षिक/अर्ध वार्षिक/त्रैमासीक कार्ययोजना/कार्यतालिका निर्माण गरी कार्यान्वयन गरिने छ । सो कार्यतालिका वमोजिमको सम्पुर्ण भए गरेका काम कार्यको सार्वजनिक सुनुवाइ गरिनेछ ।

४. यस नगरपालिकाको आन्तरीक आयलाइ वढाउदै निर्धारित राजस्व असुलीको लक्ष्य हासिल गर्न आर्थिक ऐनमा भएको व्यवस्था वमोजिम सवैलाइ करको दायरामा ल्याइ कडाइका साथ कार्यान्वयन गरिनेछ ।

५. आगामि १ वर्ष भित्र सेवा तथा सुचना प्रवाहमा विद्युतीय प्रविधिको प्रयोग गरी आर्थिक प्रणालीलाइ विद्युतीय  लेखा प्रणाली शुत्रको प्रयोग गरिनेछ ।

६. यस नगरपालिकाले तय गरेको लक्ष्य बमजिम आन्तरिक आय राजश्व असुली तथा नियमित काम कार्य सम्पादको मुल्याङकन गरी उत्कृष्ट कर्मचारी तथा पदाधिकारीलाइ पुरस्कृत गर्ने ब्यबस्था मिलाइने छ ।

माथिका उल्लेखित नीति तथा कार्यक्रम दृढताका साथ कार्यान्वयन गर्न नगरपालिको कार्यालय प्रतिवद्ध रहेको व्यहोरा जानकारी गराउन चाहान्छु । यस खाँडाचक्र नगरपालिकाकाको सीमित श्रोत साधनले नगरवासीको अपेक्षा अनुरुप सम्वोधन गर्न नसकिएता पनि भएको श्रोत साधनलाई उपयोग गर्दै क्रमिकरुपमा सम्वन्धित सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गर्दै नगरपालिका अगाडी वढ्दै जानेछ ।

**श्रद्धेय सभा अध्यक्ष महोदय, आदरणीय अतिथि, सदस्य महानुभावहरु,**

अन्तमा,

यस गरिमामय सभामा उपस्थित हुनु भएका महानुभवहरुमा साझेदार सहभागितात्मक योजना तर्जुमा प्रकृयामा सहयोग पुऱ्याउन हुने सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु साथै प्रस्तावित नीति कार्यक्रम नगरवासीको चाहाना र आवश्यकतालाइ परिपुर्ति गर्न सफल हुनेछ भन्ने विश्वास राख्दै सफल कार्यान्वयनमा समेत यहाँहरुको रचनात्मक सुझाव सहित नीति तथा कार्यक्रम यही अन्त्य भएको व्यहोरा सम्मानित गरीमामय सभा समक्ष निवेदन गर्दछु धन्यवाद ।

**प्रस्तुतकर्ता**
विजया विष्ट नगर उप्रमुख
खाँडाचक्र नगरपालिका कालीकोट